फोन नं. ०४८-५४०११२

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
प्रदेश नं ३, नेपाल

## प्रेस विज्ञप्ती

मन्थली नगरपालिका रामेछाप जिल्लाको एक ऐतिहासिक पृष्ठभुमी भएको नगरपालिका हो । नेपाल संघीय लोकतान्त्रिक शासन व्यवस्थामा गई सकेको सन्दर्भमा लोकतन्त्रलाई संस्थागत गर्दै संघीयताको व्यवहारिक अभ्यास भई रहेको परिप्रेक्षमा यस नगरले संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै स्वायत्त, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न स्थानीय सरकारको रुपमा आफूलाई अब्बल सावित गर्दै सुशासन र सार्वजनिक प्रशासनलाई विकास प्रशासनसँग तादम्यता मिलाउँदै आम नागरिकको हित तथा भलाई प्रवर्द्धन गर्ने कार्यमा निरन्तर लागि रहेको कुरा सर्वविदितै छ ।

यसै सिलसिलामा आज मिति २०७६ साल आषाढ २ गते यस नगरको नगरकार्यपालिकाको २७ औं वैठक शान्त-सौहार्द्धपूर्ण वातावरणमा सञ्चालन भई रहेको र कार्यपालिकाको विविध कार्यसूची माथि छलफल हुने क्रममा आवश्यक विधि, प्रकृया तथा मौजुदा कानुनको परिपालना नभएको हुँदा कार्यालयवाट वडा नं ५ को गत आ.व. २०७४/०७५ मा सञ्चालित योजना तथा कार्यक्रमको भुक्तानी वाँकी भएकोमा नगर कार्यापलिकावाट नगरसभा सदस्य श्री नारायण बहादुर वोगटीको संयोजकत्वमा स्थलगत निरीक्षण गरि प्रतिवेदन पेश गर्न गठित ५ सदस्यीय समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरि भुक्तानी हुन वाँकी योजना तथा कार्यक्रमको विधि, प्रक्रिया तथा मौजुदा कानूनको परिपालना हुने गरि कसरी भुक्तानी गर्न सकिन्छ भन्ने वारे छलफल भईरहँदा केही कार्यपालिका सदस्यहरुले जसरी भएपनि तत्काल भुक्तानी दिनुपर्ने जिकिर गर्नुभएको र पेश भएको प्रतिवेदनमा भुक्तानी दिन सकिने वा नसकिने स्पष्ट उल्लेख नभएको विषयमा नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यालयका अन्य कर्मचारीहरुको राय पेश हुने क्रममा एक्कासी केही कार्यपालिकाका सदस्यहरुवाट अमर्यादित, असभ्य र अशोभनीय शब्दहरु प्रयोग गर्दै नगरप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई लक्षित गरी वैठक कक्षमा रहेका कुर्सी, नेमप्लेट, चिया ग्लास, पानीका वोतल लगायतका सामग्रीहरु प्रहार हुँदा नगरप्रमुखको टाउकोमा चोट लागि रक्तश्राव भएको छ ।

आर्थिक वर्षको अन्तिम चरणमा आई पुग्दा चालु आ.व.को योजना तथा कार्यक्रमको फरफारक र आगामी आ.व.को नीति, योजना तथा कार्यक्रम तय गर्दै नगरको सर्वाङ्गिण विकास योजना निर्माण गर्ने महत्वपूर्ण घडीमा यस प्रकारको अमर्यादित, अशोभनीय र अमानवीय घटना भएको प्रति नगरपालिकाको कार्यालय परिवार गहिरो खेद व्यक्त गर्दछ । साथै आगामी दिनहरुमा यस प्रकारको घटना पुन: नदोहोरियोस् भन्नाको खातिर सरोकारवाला सबैको ध्यानाकर्षण गराउन यो प्रेश विज्ञप्ती जारी गरेका छौं ।

(टेककुमार रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

(रमेश कुमार वस्नेत)
नगरप्रमुख

२ आषाढ, २०७६